## अल्पसङ्ख्यक जातिहरूका लागि समानता प्रवर्द्धनका लागि विद्यमान तथा योजनावद्ध उपायहरू

## प्रहरी सेवा

हंगकंग प्रहरी बल (एचकेपीएफ) जातिय समानता, न्याय र सम्मान कायम गर्न प्रतिबद्ध छ। गुणस्तरीय सेवा प्रदान गर्न हामी हाम्रा नीतिहरूको प्रभावको मुल्यांकन गर्छौं जसले गर्दा हामी सबै सार्वजनीक सदस्यहरूको निष्पक्ष कुरा गर्छौं चाहे उनीहरू जुनसुकै जातिय पृष्ठभूमिका हुन्।

### क. सर्वसाधारणलाई सम्हाल्न

सम्बद्ध सेवा

- सम्पूर्ण सर्वसाधारणहरूसंग कुरा गर्दा जातीय समानता सुनिस्चित गर्न ।

विद्यमान उपायहरू

- सन् २०१० देखि हंगकंग प्रहरी बलले प्रहरी समुदाय सम्पर्क सहायक (पिसीएलए) योजना लागु गरेको छ। हालसालै, १३ जिल्ला प्रहरीहरू यो योजनामा भाग लिदै छन्। यी प्रहरी समुदाय सम्पर्क सहायकहरू उर्दु, थाई हिन्दी जस्ता भाषामा निपुण छन्। यी प्रहरी समुदाय सम्पर्क सहायकहरुले जिल्ला प्रहरीलाई अल्पसंख्यक समुदायहरूमा पारस्परिक रुचीका बारेमा सम्बन्ध सुधार गर्न सहयोग गर्दछन्।

- सिहला, तागलग, तामिल, उर्दु, बंगाली आदि जस्ता २५ वटा अल्पसंख्यक भाषाहरू संलग्न भएको भाषा पहिचान गर्ने पोस्टर सम्पूर्ण प्रहरी रिपोर्ट कक्षमा प्रदान गरिन्छ ताकी प्रहरी संग सम्पर्कमा आउने अल्पसंख्यक जातिहरूले बोल्ने भाषा पहिचान गर्न सकियोस।

- प्रहरीले प्रदान गर्ने हिरासतमा हुने व्यक्तिहरुका लागि फारम तथा सूचनाहरू ('हिरासत खोजि फारम', प्रहरी हिरासतमा भएको व्यती वा प्रहरी सोधपुछमा संलग्न व्यक्तिको सूचना' र 'प्रहरी नियन्त्रण सुविधामा व्यवहार र स्थिति' लगायतका)१५ वटा अल्प संख्यक जातिका भाषामा लिखित र श्रब्य फारमममा अनुदित छन् जसले हिरासतमा हुने अल्पसंख्यक जातिहरूले तिनलाई प्रभाव गर्ने प्रहरी नीतिहरू बुझ्न सजिलो गर्दछ।

- प्रहरी हिरासत अन्तर्गत रहेका अल्पसंख्यक जातिहरूका धार्मिक आवस्यकताहरुलाई सम्बोधन गर्न बिशेष उपायहरू अपनाइन्छन जस्तै धार्मिक ग्रन्थहरू, प्रार्थना गर्ने निर्देशनात्मक चिन्ह र बिशेष भोजनको व्यवस्था। ।

भावी कार्यको लेखाजोखा

- हंगकंग प्रहरी बलले समय समयमा सेवाहरूको समिक्षा गरी आवस्यकता अनुसार सुधार गर्नेछ ।

उठाइएका/उठाइनु पर्ने

- हंगकंग प्रहरी बल गृह मामिला बिभागले आर्थिक सहयोग गरेको संस्थामा समाहित छ र

थप कदमहरु

“ट्रान्सलिक” भन्ने परियोजना कार्यान्वयन गरेको छ। परियोजना अन्तर्गत गैह्र–चिनियाँ जातीय भाषाहरू जस्तै उर्दु, नेपाली, पन्जाबी, हिन्दी, बहसा इन्डोनेसिया, थाई र तगलग जस्ता सात साधारण भाषाहरूमा तुरुन्त टेलिफोन दोभाषे सेवा प्रहरी रिपोर्ट कक्षमा प्रदान गरिन्छन। यो योजना शुरुमा नोभेम्बर २०१४ मा पश्चिम कोलूनका तिन प्रहरी रिपोर्ट कक्षामा परिक्षण गरियो र जुन २०१५ मा दस वटा प्रहरी रिपोर्ट कक्षहरूमा आधिकारिक रूपमा उद्घाटन गरियो। नोभेम्बर २०१६ सम्म यो परियोजना ६७ वटा प्रहरी रिपोर्ट कक्ष र रिपोर्टिंग केन्द्रहरुमा व्यापक तरिकाले लागु गरियो।

- हंगकंग प्रहरी बल अल्पसंख्यक जातिहरूका आवश्यकतालाई निरन्तर सम्बोधन गर्नेछ र साथै जुनसुकै जातीय पृष्ठभूमि भए पनि सम्पूर्ण सदस्यहरूलाई आवश्यक सेवाहरू पुगे नपुगेको सुनिश्चित गर्नेछ।

## ख. रोजगारको अवसर

सम्बद्ध सेवा

- हंगकंग प्रहरी बलको नोकरीमा आवेदन दिने सम्पूर्ण आवेदकहरूलाई रोजगारीको समान अवसर प्रदान गर्ने।

विद्यमान उपायहरू

- आधारभूत प्रवेश आवश्यकता पूरा गर्ने सबै आवेदकहरूका लागि हंगकंग प्रहरी बलको जागिर खुला छन्।

- प्रहरी भर्तिका सम्बन्धमा, प्रहरीले २०११ को मध्ये देखि प्रहरी सिपाहीं भर्ति गर्ने व्यवहारिक घटना सम्हाल्ने परीक्षा परिमार्जन गरेको छ जसमा आवेदकहरुले प्रहरी अपरेसनमा अनुसरण गर्नु पर्ने घटनाहरूमा अंग्रेजी र चिनियाँ दुवै भाषामा लेख्न जरूरी छ। बिदेशी भाषा बोल्न सक्ने आवेदकहरूलाई थप अंक प्रदान गरिन्छ जसको छनौट प्रक्रियाका क्रममा दोभाषेको प्रयोग गरि लिखित र मौखिक भाषा दक्षता परिक्षण गरिन्छ।

- २०१५ को मध्ये देखि शुरु भएको भर्ती विभागले ‘गैर–चिनिया जाति सन्दर्भ प्रणाली’ (एनइसी) ल्यायो। प्रहरी भर्तिको छनौट प्रक्रियामा अनुत्तीर्ण हुने गैर–चिनियाँ जाति सन्दर्भ प्रणालीका आवेदकहरूलाई उनीहरूको अनुमतिमा जिल्ला प्रहरीका सामुदायिक संलग्नतामा पठाइन्छ। यो सन्दर्भले तिनका चिनियाँ भाषा दक्षतामा सुधार गर्ने र भविष्यमा तिनको भर्ति सम्बन्धि मुल्यांकनमा तयार गरि अझ सुधार गर्ने लक्ष्य लिएको छ।

भावी कार्यको लेखाजोखा

- हंगकंग प्रहरी बल विध्यमान उपायहरू निरन्तररूपमा कार्यन्वयन गर्ने छ।

उठाइएका/उठाइनु पर्ने थप कदमहरु

- हंगकंग प्रहरी बल निरन्तररूपमा विद्यमान उपायहरू लागु गर्ने र अल्पसंख्यक जातिका विद्यार्थीहरू लगायत बिद्यालय तथा शैक्षिक संस्थाहरूसँग साझेदारी गर्ने जसले गर्दा तिनलाई हंगकंग प्रहरी बलमा आउने प्रेरणा मिल्छ।

## ग. कर्मचारी तालिम

| | | |
|---|---|---|
| सम्बद्ध सेवा | ● | अधिकारीहरूको जातीय सम्वेदनशीलताको चेतना र जातीय समानताको बुझाइमा सुधार गर्न. |
| विद्यमान उपायहरू | ● | सम्पूर्ण अधिकृतहरूलाई जातीय विभेद अध्यादेशका सामग्री र प्रहरी कलेजमा हुने आधारभूत तथा सेवाका दौरान हुने जातिय समानताका निर्देशिकाको तालिम दिइन्छ। |
| | ● | समय समयमा अधिकारीहरुको अल्पसंख्यक जातिका भाषा तथा संस्कृतिको बुझाइमा सुधार ल्याउन तिनलाई सेमिनार र अनुभव आदानप्रदान गर्ने सत्रहरू प्रदान गरिन्छ। |
| भावी कार्यको लेखाजोखा | ● | हंगकंग प्रहरी बल ले अन्य सरकारी बिभाग र गैर–सरकारी संस्थाहरूसँग सहकार्य गरी अधिकारीहरूलाई आवश्यक जातिय समानताका मुद्दाहरूसम्बन्धी तालिम आयोजना गर्दछ। |
| भावी कार्यको लेखाजोखा | ● | विद्यमान तालिम कार्यक्रमहरू निरन्तर भईरहने छन्। |
| | ● | तालिम कार्यक्रमका बिषयबस्तुहरुलाई मजबुत बनाउन अधिकारि, अन्य सरकारी विभाग तथा गैरसरकारी संस्थाहरूबाट सुझाव र प्रतिक्रियाहरू संकलन गरिनेछ। |

**सोधपुछ/गुनासाहरू**

सर्बसाधारण सदस्यहरूसंग जातीय समानताका मुद्दा सम्बन्धि कुनै प्रतिक्रिया र जिज्ञासाहरू भए उनीहरूले प्रहरी रिपोर्ट कक्षामा सम्पर्क गर्न सक्छन जहाँ एकदमै छिटो सेवा प्रदान गरिन्छ। रिपोर्ट कक्षको सूचना तलको लिकबाट प्राप्त गर्न सकिनेछ :

http://www.police.gov.hk/ppp_en/contact_us.html

माथिका उपायसम्बन्धी जिज्ञासाहरू प्रहरी हटलाइन 2527 7177 मा निर्देशित गर्न सकिन्छ।

**हंगकंग प्रहरी बल**
**जुलाई 2019**